बैठक नं.६

आज मिति २०८२/०९/०८ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउसो ३ : ३० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | (हस्ताक्षर) |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | (हस्ताक्षर) |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | (हस्ताक्षर) |
| ४ | सुनिल शाक्य | सदस्य | (हस्ताक्षर) |
| ५ | विष्णु ढकाल | सदस्य | (हस्ताक्षर) |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | (हस्ताक्षर) |
| ९ | पदमराज गाहा | सदस्य | (हस्ताक्षर) |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | (हस्ताक्षर) |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | (हस्ताक्षर) |
| १२ | बल बहादुर पुन | सदस्य | (हस्ताक्षर) |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | (हस्ताक्षर) |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | (हस्ताक्षर) |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अरुण कुमार श्रेष्ठ - का.वा. वडाध्यक्ष - ४
अनिल गहतराज - का.वा. वडाध्यक्ष - ५
कृष्ण बहादुर मचाँडा - का.वा. वडाध्यक्ष - १६

**प्रस्ताव नं. ६.१**
मिति २०८२/०८/२५ मा बसेको नगरकार्यपालिकाको पाचौं वैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्वन्धमा ।

**निर्णय नं. ६.१**

- मिति २०८२।०९।०९ गते बुधबार दिनको २:०० बजे बुटवल उपमहानगरपालिकाको नगरसभाको १८ औं अधिवेशन बस्ने गरी निर्णय लिइएको ।
- हाटबजार शपिङ्ग कम्प्लेक्सका सटरहरुको सम्झौता अवधि २०८२ मंसिरमा समाप्त भएको हुँदा सो सम्वन्धमा थप अध्ययन गरी सोही अनुसार गर्ने गरी निर्णय लिइएको ।
- कवाडीजन्य सामग्री संकलन तथा निकासीको पुन: ठेक्का आव्हानका लागि न्यूनतम कवोल अंक तोक्ने गरी निर्णय लिइएको ।
- कवड्डी प्रतियोगिता २०८२ संचालनका लागि प्रस्तावित दररेट स्वीकृत एवं अनुमोदन गरिएको ।
- तिनाउँ नदीमा सिग्नेचर वृजको निर्माण कार्यका लागि प्राविधिक स्टीमेट हुँदा अन्डर पास समेतको स्टीमेट सोही प्याकेजमा समावेश गरी सोही अनुसार बजेट व्यवस्था गरी कार्यान्वयन प्रकिया अगाडी वढाउन नेपाल सरकारका सम्बन्धित निकायहरुमा अनुरोध गरी पठाउने भनि निर्णय लिइएको ।
- स्थानीय सवारी साधन व्यवस्थापन समितिको वैठकबाट सिफारिस भई आए बमोजिम विद्युतीय रिक्सा बुटवल उपमहानगरपालिका दर्ता नं. ९७१ का चालकलाई उपचार खर्च उपलब्ध गराउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं. ६.२**
प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ माथि (दोस्रो संशोधन २०८२) संशोधन सम्वन्धमा ।

**निर्णय नं. ६.२**
बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ माथि कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भई विधेयक समिति र विधायन समितिको वैठकमा छलफल भई पेश हुन आएको हुँदा मिति २०८२।०९।०९ गते दिनको २ बजे बस्ने नगरसभाको १८ औं अधिवेशनको प्रथम वैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.३**
जलस्रोत (उपयोग) ऐन, २०८० माथि (दोस्रो संशोधन २०८२) संशोधन सम्वन्धमा ।

**निर्णय नं. ६.३**
बुटवल उपमहानगरपालिकाको जलस्रोत (उपयोग) ऐन, २०८० माथि कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भई विधेयक समिति र विधायन समितिको वैठकमा छलफल भई पेश हुन आएको हुँदा मिति २०८२।०९।०९ गते दिनको २ बजे बस्ने नगरसभाको १८ औं अधिवेशनको प्रथम वैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.४**
स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ माथि (प्रथम संशोधन २०८२) संशोधन सम्बन्धमा ।

**निर्णय नं. ६.४**
बुटवल उपमहानगरपालिकाको स्थानीय सवारी साधन व्यवस्थापन तथा नियमन सम्बन्धी ऐन, २०८२ माथि कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भई विधेयक समिति र विधायन समितिको वैठकमा छलफल भई पेश हुन आएको हुँदा मिति २०८२।०९।०९ गते दिनको २ बजे बस्ने नगरसभाको १८ औं अधिवेशनको प्रथम वैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.५**
भाषा, संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ माथि (पहिलो संशोधन २०८२) संशोधन सम्बन्धमा।

**निणर्य नं. ६.५**
बुटवल उपमहानगरपालिकाको भाषा, संस्कृति र ललितकला सम्बन्धी ऐन, २०८२ माथि (पहिलो संशोधन २०८२) कार्यान्वयनको सन्दर्भमा केही संशोधन गर्न आवश्यक भई विधेयक समिति र विधायन समितिको वैठकमा छलफल भई पेश हुन आएको हुँदा मिति २०८२।०९।०९ गते दिनको २ वजे बस्ने नगरसभाको १८ औं अधिवेशनको प्रथम वैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.६**
चालु आ.ब. २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम सहितको विनियोजन ऐन, २०८२ को कार्यान्वयनको अवस्था, समीक्षा र संशोधन सम्वन्धमा ।

**निर्णय नं. ६.६**
यस बुटवल उपमहानगरपालिकाको चालु आ.ब. २०८२।०८३ का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सहितको विनियोजन ऐन, २०८२ को कार्यान्वयनको अवस्था, समीक्षा र सो विनियोजन ऐन माथि केही बजेट शीर्षकहरुमा हेरफेर, शीर्षकान्तर एवं रकमान्तर गर्न आवश्यक भएको हुँदा मिति २०८२।०९।०९ गते दिनको २:०० वजे बस्ने नगरसभाको १८ औं अधिवेशनको प्रथम वैठकमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रताव नं. ६.७ विविध**

**प्रस्ताव नं. ६.७.१**
लालपूर्जा प्राप्तीका सम्बन्धमा ।

**निर्णय नं. ६.७.१**
नवरत्न माध्यमिक बिद्यालय बुटवल-१५ को च.नं. ४४ मिति २०८२/०८/२६ को प्राप्त पत्रानुसार बुटवल उपमहानगरपालिका वडा नं. १२ (साबिक सेमलार गा.वि.स. वडा नं. २) स्थित उक्त बिद्यालयले २०३७ साल देखि भोगचलन गर्दै आईरहेको बुटवल उपमहानगरपालिका वडा नं. १२ साबिक सेमलार न.नं. २ब कि.नं. ८४ क्षेत्रफल १-१२-६ जग्गाको फिल्डबुक उतारमा स्कुल उल्लेख भएको तर हालसम्म स्कुलको नाममा जग्गाधनी प्रमाणपूर्जा नभएको कारण भौतिक संरचना निर्माणको लागि प्राप्त बजेट कार्यान्वयनमा अप्ठ्यारो परेकोले जग्गाधनी प्रमाणपूर्जा प्राप्तिको प्रक्रियाको लागि बिद्यालय व्यवस्थापन समितिको निर्णय, वडा कार्यालयको सिफारिस, फिल्डबुक उतार, फिल्ड नक्शा सहित माग भई आएको हुँदा जग्गाधनी प्रमाणपुर्जा प्राप्तिको लागि नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.७.२**
असाधारण बिदा सम्वन्धमा ।

**निर्णय नं. ६.७.२**
यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको सहायक स्तर पाचौं तहमा समायोजन भई कार्यरत भागवत घिमिरेले मिति २०८०।०८।०४ गते देखि १ वर्षका लागि असाधारण (बेतलवी) बिदा माग गरे बमोजिम मिति २०८०।१०।१८ मा बसेको नगरकार्यपालिकाको नवौं बैठकबाट उल्लेखित अवधिका लागि असाधारण (बेतलवी) बिदा स्वीकृत भएकोमा निजले मिति २०८१।०७।२५ मा थप एक वर्षको असाधारण (बेतलवी) बिदा माग गरेको हुँदा मिति २०८१।०८।०४ गते देखि मिति २०८२।०८।०३ सम्मका लागि निजको थप एक वर्षको असाधारण (बेतलवी) बिदा स्वीकृत गरिएकोमा निजले मिति २०८२।०७।३० मा पुनः एक वर्षको लागि असाधारण (बेतलवी) बिदा माग गरेको हुँदा मिति २०८२।०८।०४ गते देखि मिति २०८३।०८।०३ गते सम्मका लागि निजको असाधारण (बेतलवी) बिदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.७.३**
रुख कटान सम्वन्धमा ।

**निर्णय नं. ६.७.३**
बुटवल उपमहानगरपालिकाका वडा नं. ९ स्थित न.पा को आफ्नैं स्वामित्वमा रहेको जग्गामा हाल लुम्विनी टर्मिनल (वसपार्क) संचालनमा रहेको छ । उक्त बस टर्मिनल भवनको दक्षिण पश्चिम तर्फ रहेको साढे दुई कठ्ठा खाली जग्गामा रहेका विभिन्न जातका रुख विरुवाहरुले गाडी पार्किङ्ग गर्न नमिल्ने भएको हुँदा उक्त रुखहरु कटान गरी खाली ठाउँमा ढलान गरी गाडी पार्किङ्गलाई व्यवस्थित बनाउनका लागि आवश्यक प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६.७.४**
शपिङ्ग कम्प्लेक्सका सटरहरुको आय बन्दोबस्तीका लागि ठेक्का प्रकिया अगाडि बढाउने सम्बन्धमा ।

**निर्णय नं. ६.७.४**
बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको हाटबजार सपिङ्ग कम्प्लेक्सका १ देखि ८८ नं. सम्मका सटरहरुको सम्झौता अवधि मंसिर १५ मा सकिएकोले पुन: आयठेक्का मार्फत बहाल व्यवस्थापनका लागि सटरहरुको देहाय बमोजिम न्यूनतम बहाल अंक निर्धारण गरी ५ वर्षका लागि आयठेक्का बन्दोबस्तीको लागि टेण्डर प्रक्रिया अगाडी बढाउनका लागि मिति २०८२।०८।१६ मा बसेको राजस्व परामर्श समितिको बैठकवाट सिफारिस भई आएको हुँदा उक्त सटरहरुको आयठेक्का बन्दोबस्तीको प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

| क.स. | सटर नं. | कायम गर्नुपर्ने न्युनतम मासिक बहाल(रु.) |
|---|---|---|
| १ | १ देखि ७, ९ देखि १७, १९ देखि ३४, ३६ देखि ३९, ४१ देखि ५३ | ३२,५००/ |
| २ | ८ | २०,०००/ |
| ३ | १८, ३५, ४० | ५६,०००/ |
| ४ | ५४ देखि ८४, ८६ देखि ८८ | २३,०००/ |

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो।